मंगला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाबियाचौर, म्याग्दी
४ नं. प्रदेश, नेपाल

प.सं : २०७४/०७५
च.नं : १५०५

मितिः २०७५/०२/०१

विषय : च.नं. ६४३ मिति २०७४/१२/१५ मा प्रेषित गरिएको पत्रको व्यहोरा गम्भिरतापूर्वक अध्ययन, मनन गरी सोही अनुसार पठाउने व्यवस्था गर्नु गराउनु हुन ।

श्री अध्यक्ष/सचिवज्यू

१ नं. वडा कार्यालय, कुहुँ
२ नं. वडा कार्यालय, बाबियाचौर
३ नं. वडा कार्यालय, आर्भाङ्ग, बरंजा
४ नं. वडा कार्यालय, बुकेनी, बरंजा
५ नं. वडा कार्यालय, पाँखु, अर्मन

उपर्युक्त सम्बन्धमा च.नं. ६४३ मिति २०७४/१२/१५ को प्रेषित पत्रमा निम्नानुसारको व्यहोरा भएको स्मरण गराउँदाछु ।

"उपर्युक्त सम्बन्धमा त्यहाँ वडा क्षेत्र भित्र सञ्चालन हुने योजना तथा कार्यक्रमहरूको रकम माग गर्दा एवं कार्य सम्पन्न गरि अन्तिम किस्ता रकम माग गर्ने सन्दर्भमा त्यहाँ वडा कार्यालयबाट प्रमाणित रुजु पञ्जिका सहित सिफारिश गरि पठाउँदा उपभोक्ता समितिका पदाधिकारी एवम् सम्बन्धित व्यक्ति वा संस्थाको तर्फबाट सम्पादित कार्यसंग सम्बन्धित रहेका निर्णयका छायाँ प्रति, बिल भरपाई एवम् कागजात आदि पेश गर्ने सन्दर्भमा रुजु गरि गराई पृष्ठ भागमा त्यहाँ उपलब्ध गराइएको निम्नानुसारको छाप लगाई अध्यक्ष/सचिवको दस्तखत गराई प्रमाणित गरि मात्र पठाउनु हुन अनुरोध छ ।

अत; उल्लेखित कार्य व्यवस्था गरि सिफारिश गरि पठाएको अवस्थामा यहाँ कार्यालयबाट दिइने सेवा प्रवाहमा सरलता, सहजता र शिघ्रता हुन जाने हुँदा सेवाग्राहीहरूले प्राप्त गरेको सेवामा सन्तुष्टिको अनुभुति लिई उच्च मनोबल बनाउन सक्ने व्यहोरा समेत अनुरोध गर्दछु ।"

यो फोटोकपी कागज/बिल, भरपाई मैले/हामीले पेश गरेको छु/छौं। यसमा लेखिएको व्यहोरा र कागज ठीक सत्य साँचो छ। झुटा ठैरे ... ठहरे ऐन कानून बमोजिम ...
सचिवः

प्रमाणित गर्ने

वडा सचिव वडा अध्यक्ष

उल्लेखित व्यहोरा अनुसारको कार्य व्यवस्था अवलम्बन नगरी सम्बन्धित योजनाका मुख्य पदाधिकारीहरुलाई पठाईदिंदा सेवाग्राही पदाधिकारीहरुलाई हाल यस कार्यालयको संगठन संरचन र कर्मचारी जनशक्तिको उपलब्धताले तत्कालै सेवा दिन नसकिएको वास्तविकता छर्लङ्ग छ । विशेषतः योजना शाखामा योजनाका मुख्य पदाधिकारीहरु



विष्णुप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

मंगला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वाबियाचौर, म्याग्दी
४ नं. प्रदेश, नेपाल

पा.नं. (२)

प.सं : २०७४/०७५
च.नं :

मितिः २०७५/०२/०१

धेरै नै बेर अलमलिनु परेको अवस्था नै छ । चालु आर्थिक वर्षका उत्तरार्द्धका दुई महिनामा योजना तथा कार्यक्रमहरुको ६०% देखि ७०% काम (पेश्की दिन, पेश्की फछ्र्यौट गरी अन्तिम किस्ता रकम दिई फरफारक समेत गर्नु पर्ने महत्त्वपुर्ण कामहरु बाँकी नै छन) गर्नु पर्ने अवस्थामा योजनाका जिम्मेवार पदाधिकारीहरुले आफ्नो खेती किसानी गर्नु पर्ने बेलाको महत्त्वपूर्ण समय पालोमा बसी कागजात रुजु गराउनुमा नै बिताउनु पर्ने हुँदा सेवा प्रवाहमा ढिलो हुन जाने निश्चित नै हुन्छ । अतः च.नं. ६४३ मिति २०७४/१२/१५ को प्रेषित पत्रमा उल्लेखित व्यहोराको अनिवार्य पालना गर्ने व्यवस्था गर्नु गराउनु भएमा सेवाग्राही उपभोक्ता समितिका जिम्मेवार पदाधिकारीहरुलाई यथासम्भव अपेक्षित सेवा प्रवाह हुन जाने विषयमा कार्यालय विश्वस्त छ । तपाईहरु पनि विश्वस्त हुन सक्नु हुने छ भन्ने दृढ अभिलाषा व्यक्त गर्दै आवश्यक व्यवस्था गर्नु गराउनु हुन अनुरोध छ ।

२०७५।२।१
विष्णुप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत